**अपबाद प्रक्रियाको अबलोकन**

यदि तपाईले डेनभर पब्लिक स्कूल्स (डिपिएस) को यातायात योग्यता सम्बन्धी मापदण्ड पुरा गर्न हुन्न र तपाई आफ्नो वच्चालाई बसको सुबिधा लिन चाहनु हुन्छ भने, बसमा ठाउँ उपलब्ध गराउनको लागि तपाईले यातायात अपवाद फाराम (ट्रान्स्पोर्टेशन एक्सेप्सन फर्म) भर्न सक्नुहुन्छ ।

१ क. **(एलेमेन्ट्री (के देखि कक्षा ८ सम्मका स्कूलहरु) तथा मिडिल स्कूलका विद्यार्थीहरु)** यातायात अपवाद फाराम भर्नुहोस र त्यसलाई यातायात सेवाहरुमा वुझाउनुहोस् । फरक फरक कक्षाहरु वा उही उही कक्षाहरुमा पढेने सहोदर दाजुभाई दिदीबहिनीहरुले आफ्नो आफ्नो फारमहरु बुझाउनु पर्दछ । यदि सहोदर दाजुभाई दिदीबहिनीको फाराम उही समयमा एकैसाथ (छुट्टाछुट्टै फारामहरु) पेश गरिए उनीहरुलाई वसमा संगसंगै राखिने मौकालाई यसले वढाउदछ तर वेग्ला वेग्लै समयमा पेश हुन आएमा सहोदर दाजुभाई दिदीबहिनीहरुलाई वसमा अरु सहोदर दाजुभाई दिदीबहिनी हुदाहुदै प्राथमिकता दिइदैन ।

ख. (हाइस्कूलका विद्यार्थीहरु) यदि तपाईले यातायात अपवाद फाराम (ट्रान्सपोर्टेशन एक्सेप्सन फर्म) भर्नुभयो र यातायात सेवाहरुमा त्यसलाई पेश गर्नु भयो भने, तपाईले ठाउँ उपलब्ध हुने पहेंलो वसमा विद्यमान विसौनीवाट चढ्न अनुरोध गरिरहनु भएको हुनेछ । यसको मतलव हो यदि तपाई आरटिडीको पास पाउन योग्य हुनुहुन्छ र अपवादका लागि तपाईले दिनु भएको आवेदन स्वीकृत भयो भने तपाईले अव आरटिडी पास पाउनु हुने छैन । अरु कक्षाहरुका जस्तै गरी छुट्टाछुट्टै वा उही उही कक्षाहरुमा पढने सहोदर दाजुभाई दिदीबहिनीहरुका लागि उनीहरुले आ आफ्नै छुट्टै फारामहरु पेश गरिनु पर्दछ । यदि सहोदर दाजुभाई दिदीबहिनीको फाराम उही समयमा एकैसाथ (छुट्टाछुट्टै फारामहरु) पेश गरिए उनीहरुलाई वसमा संगसंगै राखिने मौकालाई यसले वढाउदछ तर वेग्ला वेग्लै समयमा पेश हुन आएमा सहोदर दाजुभाई दिदीबहिनीहरुलाई वसमा अरु सहोदर दाजुभाई दिदीबहिनी हुदाहुदै प्राथमिकता दिइदैन ।

२. अनुरोध गरिएको चढाउने र ओराल्ने ठाउँलाई योग्य विद्यार्थीहरुले प्रयोग गरिरहेको अवस्थामा र वसमा सीट उपलब्ध भएको कारणले अपवादलाई स्वीकृत गरिएको अवस्था, अपवादमा परेको विद्यार्थीहरुलाई वसको उपयुक्त यात्रुको सूचीमा राखिने छ । यदि सवै योग्य विद्यार्थीहरुले बिशिष्ट बस बिसौनिमा चढन छोडे भने त्यस वस विसौनीवाट वस चढने यात्रुको सूचीमा रहेका अपवाद विद्यार्थीहरुको संख्यालाई कुनै विचार नगरी उक्त वस विसौनीलाई हटाइने छ । यस्तो, कुरा एक शैक्षिक वर्षवाट अर्को शैक्षिक वर्षमा हुनेछ जव योग्य विद्यार्थी आफ्नो नयाँ बिद्यालयमा माथिल्लो कक्षामा जानेछन्, यदि त्यस्तो कार्य हुने भएमा, कुनै विसौनीमा चढने यात्रुको सूचीमा सवै अपवादमा परेका विद्यार्थीहरुलाई उक्त विसौनी विद्यालय चल्ने पाँचौ दिनका बन्द गरिनेछ भनेर समय भन्दा अगाडि नै सूचित गरिनेछ । यसकारण विद्यार्थी सूचना प्रणालीमा ठिक फोन नम्वरलाई राख्नु धेरैनै आवश्यक छ ।

३. यी कुराहरु भए सम्म अपवाद फाराम वैद्य रहने छ र अपवाद फाराम बर्ष बर्षमा फेरि पेश गर्नु आवश्यक पर्दैन, १) अपवादमा परेको विद्यार्थी उही बिद्यालयमा रहदा, २) शुरुमा स्वीकृत गरिएको अपवादको अनुरोधमा उल्लेख गरिए कै ठाउँ अपवादमा परेका विद्यार्थीले वस चढ्न र ओर्लन काम गरिरहदा, तथा, ३) योग्य बिद्यार्थीहरुले अनुरोध गरिएको वस विसौनीलाई प्रयोग गरिरहेमा । यदि योग्य विद्यार्थीले अव त्यो बस बिसौनीलाई प्रयोग गर्दैन भने माथि अनुच्छेदमा उल्लेख भए जस्तै सूचनावाट र समयमा उक्त विसौनीलाई हटाइने छ । अनुरोध गरिएको वैकल्पिक वस विसौनीका लागि नयाँ अपवाद फाराम आवश्यक पर्नेछ । यदि अपवादमा परेको विद्यार्थीले विद्यालय वदलेमा वा चढने/ओर्लने ठाउँ वदलेमा स्वीकृतिका लागि नयाँ अपवाद फाराम पेश हुनुपर्दछ ।
**द्रष्टव्य :** विद्यार्थीलाई (सीट खाली भएको आधारमा) एउटा वसमा चढ्नका लागि स्वीकृति दिएको अबस्थामा, उही बिद्यालयमा अर्को रुटवाट जानका लागि अपवादको लागि गरिएको नयाँ अनुरोधलाई, प्रतिक्षा गर्नुपर्ने संभावना पनि रहन्छ ।

४. फाराममा खुलाइएको बिद्यालयमा उक्त विद्यार्थीले पढ्न नगए सम्म स्वीकृतिको लागि पर्खेर वसेका (वसमा ठाउँ भएका) फारामहरुलाई यातायातको रुट मिलाउने शाखाले कायम राख्ने छ । ठाउँ उपलब्ध भएपछि अपवादमा परेको विद्यार्थीहरु यातायायतको रुट मिलाउने शाखाले फाराम प्राप्त छाप लगाइएको मितिको आधारमा वस चढ्ने यात्रुको सूचीमा थपिने छ । विद्यार्थी सूचना प्रणालीमा सूचीकृत गरिएको फोननम्वर मार्फत विद्यार्थीहरुलाई यस्को सूचना दिइने छ; त्यसकारण विद्यार्थी सूचना प्रणालीमा ठिक फोन नम्वरलाई राख्नु आवश्यक छ ।
**द्रष्टव्य :** सवभन्दा पछि पेश गरिएको फारमको मितिलाई बिचार गरिने छ ।

०६ –२०–१४ मा अध्याबधि गरिएको –एससि/एफएम